मुख्य समाचार

- पछिलो डेढ़ वर्षमा देशका दस लाख युवाहरूलाई सरकारी नौकरी उपलब्ध
- केन्द्रीय राज्यमन्त्री तादोङ गान्तोकमा आयोजित 'रोजगार मेला दुई हजार चौबीसमा आई.टी.बी.पी, गान्तोकको संयोजनमा सहभागी
- उपराष्ट्रपतिले श्री चौधरी चरण सिंहको जयन्तीमा श्रद्धासुमन गर्नु भयो अर्पिण
- भारतीय जनता पार्टीले दिल्ली सरकार विरुद्ध आरोपपत्र गऱ्यो जारी,अनि
- बिहारका मुख्यमन्त्रीले पश्चिम चम्पारण जिल्लाबाट प्रगति यात्राको गर्नुभयो शुभारम्भ,

## 33 नया प्रधानमन्त्री-रोजगार मेला

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, पछिलो डेढ़ वर्षमा देशका लगभग दस लाख युवाहरूलाई सरकारी नोकरी उपलब्ध गराइएको छ । उहाँले आज भीडियो कन्फ्रेन्सका माध्यमद्वारा एकत्तर हजार भन्दा अधिक नवनियुक्त कर्मीहरूलाई नियुक्ति पत्र वितरण गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, यो रोजगार पूरा पारदर्शिताका साथ उपलब्ध गराइदैछ र नवनियुक्त कर्मीले समर्पण र सत्यनिष्ठाका साथ राष्ट्रको सेवा गरिरहेका छन् । श्री मोदीले भन्नुभयो, पछिलो दस वर्षदेखी देशका विभिन्न मन्त्रालय, विभाग र संस्थामा सरकारी नोकरी उपलब्ध गराउने अभियान चलाइदैछ । प्रधानमन्त्रीले भन्नुभयो, रोजगार मेलाले युवाहरूलाई सशक्त बनाउदैछ र उनीहरूको संभावनाको द्वार खोल्दैछ, । उहाँले देशका युवाहरूको क्षमता र प्रतिभाको पूरा उपयोग गर्नु सरकारको प्राथमिकता रहेको बताउनुभयो ।

## केन्द्रीय राज्यमन्त्री सिक्किम

यसै बीच , केन्द्रीय, आयुष तथा स्वास्थ्य एवं परिवार कल्याण राज्यमन्त्री श्री प्रतावपराव जाधव आज सिक्किमको तादोङ गान्तोकमा आयोजित 'रोजगार मेला दुई हजार चौबीसमा आई.टी.बी.पी, गान्तोकको सहभागी हुनुभयो । उहाँले आज नियुक्तिपत्र प्राप्त गर्ने युवाहरुलाई हार्दिक बधाई दिनुभयो । श्री जाधवले भन्नुभयो , प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दुई हजार सैतालीस सम्ममा विकसित भारतको जुन दृष्टिकोणको परिकल्पना गर्नुभएको थियो, त्यो युवा पुस्ताको हातमा छ। श्री जाधवले भारत सरकारले अब गम्भीर केन्द्रीय सरकारको भर्तीको प्रक्रियालाई सहज बनाएको पनि उल्लेख गर्नुभयो । मन्त्रीले केन्द्र सरकारको हरेक कर्मचारीलाई कर्मयोगीको रूपमा उल्लेख गर्नुभयो  र आज नियुक्ति पत्र प्राप्त गर्ने नयाँ कर्मचरीहरूमा भएको भारतको विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने भावनालाई पनि प्रज्वलित गर्नुभयो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रशासनले अक्टोबर बाइस, दुई हजार बाइस देखि सुरु गरेको रोजगार मेलाको उद्देश्य युवाहरूलाई रोजगारको अवसर प्रदान गर्नु हो।

## 19 उपराष्ट्रपति - किसान दिवस

उपराष्ट्रपति श्री जगदीप धनखड़ले आज पूर्व प्रधानमन्त्री श्री चौधरी चरण सिंहको जयन्तीमा नयाँ दिल्लीमा किसान घाटमा उहाँलाई श्रद्धासुमन अर्पण गर्नुभयो । मीडियासंग कुरा गर्दै श्री धनखड़ले भन्नुभयो, श्री चौधरी चरण सिंहको सम्मानमा दुई हजार एकमा किसान दिवस मनाउने शुभारम्भ भयो । श्री चौधरी चरण सिंहले किसान र ग्रामीण विकासका साथ राष्ट्रको विकासमा आफ्नो जीवन समर्पित गर्नुभएको थियो ।

## नीति आयोग-समीक्षा बैठक

नीति आयोगका मुख्य कार्यकारी अधिकारी श्री बी वी आर सुब्रमण्यमले भन्नुभयो, भारतले यस्तो क्रान्तिकारी कदम उठाउन आवश्यक छ, जहाँ प्रशासनिक निर्णय आकडामा आधारित छ। उहाँले आज नयाँ दिल्लीमा केन्द्रीय मन्त्रालय र विभागमा तथ्याङ्कको सलाहकारको दोस्रो समीक्षा बैठकको उद्घाटनको अवसरमा भन्नुभएको हो । श्री सुब्रमण्यमले भन्नुभयो, सरकारको प्रत्येक स्तरमा आङ्कडा बहुत महत्वपूर्ण छ र आङ्कडाको विश्लेषणको आधारमा नै निर्णय लिइनुपर्छ। उहाँले तथ्याङ्कमा नयाँ उपकरण र विधीका साथ तालमेल बसाउनका लागि निरन्तर कौशल उन्नयनको आवश्यकतामा बल दिनुभयो । श्री सुब्रमण्यमले नयाँ प्रौद्योगिकी सहित देशको तथ्याङ्क प्रणालीमा सुधार माथी बल दिनुभयो । उहाँले बिजनस तथ्याङ्क –को महत्वको पनि चर्चा गर्नुभयो । श्री सुब्रमण्यमले वाणिज्यिक र करपोरेट कार्यमा आंकडाको सुधारको पनि चर्चा गर्नुभयो।

## भाजपा - आप आरोपपत्र

भारतीय जनता पार्टीले विधानसभा चुनाव भन्दा पहिला दिल्ली सरकार विरुद्ध आरोपपत्र जारी गऱ्यो । भाजपाका वरिष्ठ नेता श्री अनुराग ठाकुर, दिल्ली भाजपा प्रमुख श्री वीरेन्द्र सचदेवा र अन्य नेताहरूले आम आदमी पार्टीको सरकारमा कुशासन र जनतालाई गरेको वचन पूरा नगरेको आरोप लगाउदै दस्तावेज जारी गरिएको हो ।श्री ठाकुरले आप संयोजक श्री अरविन्द केजरीवालले झूठो वचन दिएर दिल्लीका मानिसलाई भ्रमित गर्नुभएको भन्दै आरोप लगाउनु भयो । उहाँले श्री केजरीवाललाई यमुना नदीमा प्रदूषण, दिल्लीमा खराब वायु गुणवत्ता, भ्रष्टाचार र अन्य मुद्दामा पनि घेर्नुभयो। श्री ठाकुरले दिल्लीमा केन्द्र सरकारको जल जीवन मिशन र आयुष्मान भारत योजना लागू नगर्नमा पनि आम आदमी पार्टीलाई निशाना गर्नुभयो ।उहाँले श्री केजरीवालमा पूर्वान्चलका मानिसको अपमान गरेको पनि आरोप

लगाउनुभयो । उहाँले भन्नुभयो , आप भ्रष्टाचार मुक्त शासनको नाममा सत्तामा आएको थियो, तर पार्टीका केही नेता भ्रष्टाचारको आरोपमा जेलमा छन् । श्री ठाकुरले भन्नुभयो, दिल्लीका जनताले आगामी विधानसभा चुनावमा आम आदमी पार्टीलाई हराउनेछन् ।

**31 बिहार मुख्यमंत्री-प्रगति यात्रा**

बिहारका मुख्यमन्त्री श्री नीतीश कुमारले आज पश्चिम चम्पारण जिल्लाबाट हप्ता भरीको प्रगति यात्रा शुरू गर्नुभयो । उहाँ वाल्मीकि नगरमा जन-जातीय समुदाय थारूको गाउँ घोठवा टोला पुग्नुभयो । मुख्यमन्त्रीले वहाँ सात सय अस्सी करोड़ रूपियाँ भन्दा अधिकको विभिन्न विकास परियोजनाको लोकार्पण र शिलान्यास गर्नुभयो । श्री कुमारले प्रगति यात्रामा छबटा जिल्लाको यात्रा गर्नुहुनेछ र विकास परियोजनाको स्थितिबारे बुझ्नुहुनेछ। मुख्यमन्त्रीले आफ्नो सरकारको भावी योजना बारे पनि कुरा गर्नुहुनेछ।

**9 संशो.ट्रम्प-ए आई सलाहकार**

अमरीकाका नवनिर्वाचित राष्ट्रपति श्री ड्रोनाल्ड ट्रम्पले भारतीय मूलका अमरीकी उद्यमी श्री श्रीराम कृष्णनलाई कृत्रिम बुद्धिमत्ता-ए आईमा व्हाइट हाउसको नीतिको वरिष्ठ सलाहकार नियुक्त गर्नुभयो । **श्री कृष्णन डेविड साक्स-संग** मिलेर काम गर्नुहुनेछ , जसलई व्हाइट हाउसको ए. आई र क्रिप्टो **प्रभारी** नियुक्त गरिएको छ। डेविड साक्स ट्रम्पले प्रशासनमा ए आई नीतिमा काम गर्नुहुनेछ। यस घोषणा पछि श्री कृष्णनले सोशल मीडियामा र श्री ट्रम्प प्रति आभार प्रकट गर्नुभयो ।।

**भाजपा सांसद - अस्पताल**

संसद भवन परिसरमा विरोध प्रदर्शनमा घाइते भएका भाजपा सांसद श्री प्रताप सारंगी र श्री

मुकेश राजपूतलाई आज दिल्लीको राम मनोहर लोहिया –आर.एम.एल अस्पतालबाट छुट्टी दिएको छ । दुबै सांसदलाई पछिलो हप्ताह सिरमा चोट लाग्नाले अस्पतालमा भर्ना गरिएको थियो ।

मुख्य समाचार फेरी एकपल्ट

- पछिलो डेढ़ वर्षमा देशका दस  लाख युवाहरूलाई सरकारी नौकरी उपलब्ध
- केन्द्रीय राज्यमन्त्री तादोङ गान्तोकमा आयोजित 'रोजगार मेला दुई हजार चौबीसमा आई.टी.बी.पी, गान्तोकको संयोजनमा सहभागी
- उपराष्ट्रपतिले श्री चौधरी चरण सिंहको जयन्तीमा  श्रद्धासुमन गर्नु भयो अर्पण
- भारतीय जनता पार्टीले दिल्ली सरकार विरुद्ध आरोपपत्र गऱ्यो जारी,अनि
- बिहारका  मुख्यमन्त्रीले पश्चिम चम्पारण जिल्लाबाट  प्रगति यात्राको गर्नुभयो  शुभारम्भ,